# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प. स.

च. न.

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

**सूचना प्रकाशित मिति २०७७१२१०५**

यस गाउँपालिका अन्तर्गत गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमशिलता विकास तालिम लिएका व्यक्तिहरुलाई प्राविधिक सीप विकास तालिम सञ्चालन गर्न आवश्यक प्रशिक्षकको सुचि निर्माण गरी छनौट गर्नपर्ने भएकोले सम्बन्धित विषयको समावेश हुन योग्य तथा इच्छुक प्रशिक्षकले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा विवरण पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. योग्यता:

- राष्ट्रिय सीप परिक्षण समितिबाट न्युनतम तह २ उतीर्ण गरेको/सहायक प्रशिक्षक तह १ उतीर्ण गरेको
- कम्तिमा १ वर्ष प्रशिक्षकको रुपमा काम गरेको
- तालिम सञ्चालन गर्न आवश्यक योग्यता भएको /TOT तालिम गरेकोलाई विषेश प्राथमिकता

२. आवश्यक कागजात

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी
- अनुभवको प्रमाणित गर्ने कागजातका प्रमाणित प्रतिलिपी
- तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपी
- योग्यताको अन्य आवश्यक कागजात

३. तालिमको किसिम

- सिलाईकटाई सम्बन्धि तालिम ३ समुह ७५ दिन
- ढाका कपडा बुनाई सम्बन्धि तालिम एक समुह ७५ दिन
- चुरापोते बनाउने तालिम एक समुह १ महिना
- अगरवत्ती बनाउने तालिम १ समुह ७ दिन

४.द्रष्टव्य

- सूचिमा नाम समावेश भएका व्यक्तिहरुमध्येबाट आवश्यक परेको बखतमा मात्र प्रशिक्षक कार्यका लागि प्रशिक्षकको रुपमा खटाउन सकिने छ ।
- सूचि निर्माण गर्नलाई गाउँपालिकामा पर्न आएका दर्खास्त उपर छानविन गरी प्रशिक्षकको छनौट गरिनेछ ।
- रित नपुगेका विवरण उपर कारवाही हुने छैन ।
- सूचिमा नाम समावेश गर्ने नगर्ने अन्तिम अधिकार यस कार्यालयमा मात्र निहित हुनेछ ।
- तालिमका लागि आवश्यक रकम सम्झौता बमोजिम हुनेछ ।
- अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका व्यक्तिलाई विषेश ग्राह्यता दिइनेछ ।
  अन्य जानकारीका लागि गाउँपालिकाको महिला तथा बालबालिका शाखामा सम्पर्क गर्नुहुन ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

""स्वच्छ र सक्षम निजामति प्रशासनः समृद्धि र सुशासन"

"समृद्ध कमल हाम्रो सरोकार"

Email:info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०८१